नेपाली राजदूतावास, सिओल
Embassy of Nepal, Seoul
주한 네팔 대사관, 서울

Ref No. :

नेपाली राजदूतावास
सिओल

No Objection Certificate (NOC) लिने सम्बन्धी अत्यन्त जरूरी सूचना!!!

विदेशस्थित शैक्षिक संस्थामा अध्ययन गर्न जाने नेपाली विद्यार्थीहरुले अध्ययन गर्न जानुपूर्व नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालयको अनलाइन निवेदन प्रणालीमार्फत प्रत्येक तह, विषय तथा शिक्षण संस्थाका लागि अलग अलग फारम भरी स्वीकृति (NOC) का लागि निवेदन दिनुपर्ने व्यवस्था वैदेशिक अध्ययन स्वीकृतिसम्बन्धी निर्देशिका, २०७९ को दफा ४ मा उल्लेख गरिएको छ। त्यसैगरी, सोही निर्देशिकाको दफा ४ को उपदफा (६) मा "एक पटक स्वीकृति प्राप्त गरेको व्यक्तिले स्वीकृति पाएको मुलुकको शिक्षण संस्था वा शैक्षिक कार्यक्रम परिवर्तन गर्नु परेमा सोको आधार र कारणसहित विवरण खुलाई पुन: निवेदन गर्नु पर्नेछ" भनी उल्लेख गरिएको छ। यद्यपी कोरियामा अध्ययनका लागि आउने विद्यार्थीहरुले आफूले स्वीकृति (NOC) लिई पढेको विश्वविद्यालय र शैक्षिक कार्यक्रम परिवर्तन गर्दा नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालयबाट पुन: स्वीकृति नलिई परिवर्तन गर्ने गरेको बुझिएको छ। तसर्थ पहिला स्वीकृति (NOC) लिएको विश्वविद्यालय वा शैक्षिक कार्यक्रम परिवर्तन गर्नु परेमा अनिवार्य रूपमा नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालयबाट पुन: सो स्वीकृति (NOC) लिएर मात्र विश्वविद्यालय वा शैक्षिक कार्यक्रम परिवर्तन गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

नेपाली राजदूतावास, सिओल
गणतन्त्र कोरिया
२७ जुलाई २०२६

Tel : (02)3789-9770~1 Fax : (O2) 736-8848 www.kr.nepalembassy.gov.np
Email : eonseoul@mofa.gov.np, nepembseoul@yahoo.com, nepembseoul2015@gmail.com
19, 2 gil, Seonjam-ro, Seongbuk-gu, Seoul [02823]